माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० श्रावण ३१ गते वसेको वैठकका निर्णयहरु देहायबमोजिम पारित गरियो ।

**निर्णयहरुः**

१. यस माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक दररेट सम्वन्धमा व्यापक छलफल गरी सर्वसम्मतीले पारित गर्ने ।

२. गाउँपालिकाको गाउँसभाको चौधौँ अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत भएका योजना तथा कार्यक्रममा सन्दर्भमा वडा स्तरिय योजनाको हकमा २०८० भाद्र मसान्त सम्म उपभोक्ता समिति गठन गरी सम्झौताका लागि पालिकामा पठाउने र गाउँपालिका स्तरिय, समपुरक, विशेष र सशर्त अनुदानका योजनाका हकमा विस्तृत परियोजना प्रतिवेदन, लागत अनुमान तयार गरी आवश्यक अनुसार अगाडी वढाउने ।

३. माण्डवी गाउँपालिकाका किसानहरुले उत्पादन गरेका कृषि जन्य उपजहरुको संकलन गर्न तपसिलका स्थानमाहरुमा तरकारी संकलन केन्द्र तोक्ने निर्णय गरियो । साथै कृषि जन्य उपज विक्रि गर्दा किसानहरुलाई प्रचलित वजार दर भन्दा रु २ वढी दिने गरी खरिद गर्न कृषि एम्वुलेन्सलाई निर्देशन दिने ।

तपसिलः

| क्र स | वडा नं | गाउँ/टोल | वार |
|---|---|---|---|
| १ | वडा नं १ | तिराम | आईतवार |
| २ | वडा नं २ | मर्कावाङ | सोमवार |
| ३ | वडा नं ३ | नयाँगाउँ | मंगलवार |
| ४ | वडा नं ४ | धोवाघाट | मगलवार |
| ५ | वडा नं ५ | रम्दी तिग्रा | वुधवार |

४. आ.ब.२०७९/८० मा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७९ (IEE) को अबधि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन मापदण्ड (२०७९) को दफा १८ बमोजिम ३ बर्ष हुने भएकाले माण्डवी गाउँपालिका भएर बग्ने माडी नदि,झिमरुक नदि र अरङ खोलाबाट ढुंगा, गिट्टि, बालुवा, ग्राभेल उत्खनन को लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७९ (IEE) अनुसार माडी नदि, झिमरुक नदि र अरङ खोलाबाट ढुंगा, गिट्टि, बालुवा, ग्राभेल उत्खनन गर्न सकिने परिमाण १४,१६५ घनमिटर रहेको देखिन्छ । ढुंगा, गिट्टि, बालुवा, ग्राभेलको दररेट प्रति क्यु.फुट (लुम्बिनी प्रदेश आर्थिक ऐन २०८०) बमोजिम ने.रु.६ (भ्याट बाहेक) राख्दा रकम रु ३०,०१,३८७.८५ /- (भ्याट बाहेक) बराबर रकमको लागि प्राबिधिक शाखाबाट पेश भएको बिड डकुमेन्ट स्वीकृत गरि हार्ड कपी मार्फत आ.ब:२०८०/८१ को लागि ठेक्का खुलाउने ।

५. यस गाउँपालिका अन्तर्गत भौतिक पुर्वाधार विकास शाखा अन्तर्गतका गाउँपालिका र वडामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक फिल्ड भत्ता उपलव्ध गराउन **माण्डवी गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि,** २०८० स्वीकृत गर्ने ।

६. माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ लागि सम्मानित गाउँसभाको चौधौँ अधिवेशनबाट स्वीकृत भएको आर्थिक ऐनमा उल्लेख भएको कवाडी कर र जग्गा नापजाँच शुल्क सम्वन्धमा तपसिलअनुसार संशोधन गर्ने ।

| क्र स | विवरण | एकाई | हाल कायम करको दर | संशोधित करको दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलाम | केजी | रु ५० पैसा | रु १ | |
| २ | प्लाष्टिक | केजी | रु ५० पैसा | रु १ | |
| ३ | कागज | केजी | रु ५० पैसा | रु १ | |
| ४ | सिसा | केजी | रु २५ पैसा | रु ५० पैसा | |
| ५ | जग्गा नापजाँच शुल्क | प्रति कित्ता | नभएको | रु १५००/- | |

७. गाउँपालिकाको कार्यक्षेत्र भित्र विभिन्न प्रकारका सूचना, विज्ञापन, होर्डिङ तथा साईन वोर्ड लगायत सूचना/विज्ञापनलाई करको दायरामा ल्याई विज्ञापन कर संकलन गर्नका लागि न्युनतम रकम रु ५०,०००/- अक्षेरपी रु पचास हजार को विज्ञापन कर संकलनका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना प्रकाशन गर्ने ।

८. गाउँपालिकाको विस्तृत जानकारी दिने माण्डवी गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माणका लागि गणक छनौट गरी आर्थिक वर्ष २०७९/०८० मा ILG प्रोफाईल निर्माण गर्दा पटक पटक प्राविधिक समस्या आई सम्पन्न गर्न असहज भएको गाउँपालिकाको GIS base डिजिटल प्रोफाईल साविकमै छनौट भएका गणकहरु परिचालन गरी निर्माण गर्ने ।

९. यस गाउँपालिका अन्तर्गत देविस्थान स्वास्थ्य चौकी मार्फत सञ्चालनमा रहेको एम्वुलेन्स नेपाल सरकारको मापदण्ड अनुसार रंगरोगन तथा व्यवस्थापन गर्ने ।

१०. माण्डवी गाउँपालिका वडा नं ५ रम्दीवेशीमा सञ्चालनमा रहको स्वर्गद्वारी एग्रिगेट प्यूठानलाई एग्रिगेट सञ्चालनको दर्ता प्रमाणपत्र लगायतका कागजात पेश गर्न गाउँ कार्यपालिकाको मिति २०८० असार ३१ गतेको निर्णय अनुसार ७ दिनको समय दिई पत्राचार गर्ने ।